**Deprosc Laghubitta Bittiya Sanstha Limited**
**Narayangarh, Chitwan**
**Phone. 056527900, Fax 056523056**
Unaudited Financial Result (Quarterly)
As at 4th Quarter (2076/03/31) of Fiscal Year 2075/076

| S.N. | Particulars | This Quarter Ending (Ashad end 2076) | Previous Quarter Ending (Chaitra end 2075) | Corresponding Previous Year Quarter Ending (Ashad end 2075) |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities** | **12,856,096,406.61** | **11,290,638,479.40** | **8,647,780,415.74** |
| 1.1 | Paid-up Capital | 773,410,441.93 | 773,410,441.93 | 703,100,401.75 |
| 1.2 | Reserve & Surplus | 782,819,924.58 | 642,812,160.70 | 517,189,418.11 |
| 1.3 | Debenture & Bond | - | - | - |
| 1.4 | Borrowings | 6,783,929,474.75 | 6,062,066,656.19 | 4,658,793,416.15 |
| **1.5** | **Deposit** | **3,824,790,762.51** | **3,343,121,344.82** | **2,410,393,159.00** |
| 1.5.1 | Group | 3,824,790,762.51 | 3,343,121,344.82 | 2,410,393,159.00 |
| 1.5.2 | General Public | - | - | - |
| 1.6 | Income Tax Liabilities | - | - | - |
| 1.7 | Other Liabilities | 691,145,802.54 | 469,227,875.76 | 358,304,020.73 |
| **2** | **Total Assets** | **12,856,096,406.61** | **11,290,638,479.40** | **8,647,780,415.74** |
| 2.1. | Cash & Bank Balance | 354,202,986.42 | 201,614,613.97 | 592,104,211.68 |
| 2.2 | Money at Call & Short Notice | 37,853,638.74 | 61,751,658.83 | - |
| 2.3 | Investments | 2,010,000.00 | 2,010,000.00 | 2,010,000.00 |
| 2.4 | Loans & Advances | 11,968,148,645.73 | 10,630,795,375.43 | 7,756,177,627.43 |
| 2.5 | Fixed Assets | 44,099,551.88 | 32,946,779.01 | 31,450,531.18 |
| 2.6 | Non-banking Assets | - | - | - |
| 2.7 | Other Assets | 449,781,583.84 | 361,520,052.16 | 266,038,045.45 |
| **3** | **Profit & Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Quarter Ending** |
| 3.1 | Interest Income | 1,671,468,909.46 | 1,162,868,640.26 | 1,155,646,243.34 |
| 3.2 | Interest Expense | 855,346,826.37 | 578,839,120.98 | 529,856,492.94 |
| | **A. Net Interest Income** | **816,122,083.09** | **584,029,519.28** | **625,789,750.40** |
| 3.3 | Fees, Commission & Discount | 220,074,693.00 | 166,642,655.00 | - |
| 3.4 | Other Operating Income | 41,957,213.39 | 16,144,669.93 | 127,983,262.68 |
| | **B. Total Operating Income** | **1,078,153,989.48** | **766,816,844.21** | **753,773,013.08** |
| 3.6 | Staff Expenses | 288,831,351.83 | 191,490,157.63 | 268,194,954.82 |
| 3.7 | Other Operating Expenses | 111,194,750.70 | 71,279,294.22 | 72,888,460.12 |
| | **C. Operating Profit Before Provision** | **678,127,886.95** | **504,047,392.36** | **412,689,598.14** |
| 3.8 | Provision for Possible Loss | 140,252,314.28 | 116,803,440.40 | 107,593,266.00 |
| | **D. Operating Profit** | **537,875,572.67** | **387,243,951.96** | **305,096,332.14** |
| 3.9 | Non-operating Income | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 138,255,717.31 | 64,063,731.00 | 69,410,694.00 |
| | **E. Profit from Regular Activities** | **676,131,289.98** | **451,307,682.96** | **374,507,026.14** |
| 3.11 | Extra Ordinary Income/Expenses (Net) | (91,870.12) | 98,723.00 | 43,853.00 |
| | **F. Profit Before Bonus & Taxes** | **676,039,419.86** | **451,406,405.96** | **374,550,879.14** |
| 3.12 | Provision for Staff Bonus | 61,458,129.08 | 41,036,946.00 | 34,050,080.00 |
| 3.13 | Provision for Tax | 184,374,387.23 | 123,110,838.00 | 102,150,240.00 |
| | **G. Net Profit/Loss** | **430,206,903.55** | **287,258,621.96** | **238,350,559.14** |
| **4** | **Ratios** | **At the End of This Quarter** | **At the end of Previous Quarter** | **At the end of Previous Corresponding Quarter** |
| 4.1 | Capital Fund to RWA | 12.89 | 13.58 | 14.92 |
| 4.2 | NPL to Total Loan | 0.84 | 0.88 | 0.75 |
| 4.3 | Total Loan Loss Provision to NPL | 125.66 | 187.20 | 204.46 |
| 4.4 | Cost of Funds | 10.08 | 9.70 | 10.67 |
| 4.5 | Deposit to Credit Ratio | 31.96 | 30.93 | 30.59 |

Note: The above financial statement is subject to changes from Statutory Audit & Supervisory Authority.

**Interest Rate**

*Against Member Savings - 8% to 9.25 %* *Against Loan & Advances- 10 % to 18 %*

**(नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम दलित, मुक्त कमैया, वादी, हलिया, द्वन्दपिडित, एकल महिला, अपाङ्ग तथा जेष्ठ नागरिकहरूलाई लगानी गरिएको कर्जामा १ प्रतिशत ब्याजदरले सहुलियत दिने र NFRS अनुसार बित्तीय विवरण तयार गरेको राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था)**

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ नियम २६ उप विनियम (१)संग सम्बन्धित अनुसुची १४ बमोजिमको**
**डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको आ.व. २०७५/०७६ को चौथो त्रैमासिक विवरण**

**१. प्रमुख वित्तीय बिवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाब सम्बन्धी बिवरणः** यस वित्तीय संस्थाको वासलात, नाफा-नोक्सान सम्बन्धि विवरण यसैसाथ प्रकाशित गरिएको छ।

**ख. न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू गत आ.व. को सोही अवधिको तुलनामा निम्न बमोजिम रहेको छ ।**

| प्रति शेयर आम्दानी रू | प्रति शेयर बजार मूल्य रू | मुल्य आम्दानी अनुपात (गुणा) | प्रति शेयर खुद कितावी मुल्य रू | प्रति शेयर कुल सम्पत्तिको मुल्य रू | तरलता अनुपात प्रतिशत |
|---|---|---|---|---|---|
| ५५।६२ | ७२२।०० | १२।९८ | २०१।२२ | १,६६२।२६ | १०।२५ |

**२. व्यवस्थापकीय बिश्लेषण :**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरणः** वित्तीय संस्थाको ब्यवसायिक योजना तथा लक्ष्य अनुरूप प्रगति सन्तोषजनक रहेको छ । यस अवधिमा कोष लागत दरमा भएको बृद्धिको बावजुद पनि गत आ.व. को सोही अवधिको खुद मुनाफाको तुलनामा समीक्षा अवधिको खुद मुनाफामा उत्साहजनक बृद्धि भएको छ । साथै २०७५ माघ १ गते पश्चात् लगानी गरिएका सम्पुर्ण कर्जाहरूको निक्षेप तथा कर्जा सुरक्षण कोषबाट सुरक्षण गरी सोही अनुसार कर्जा नोक्सानी ब्यवस्था कायम गरिएकोले संस्थाको आम्दानीमा सकारात्मक असर परेको छ ।

**ख. आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण :** राष्ट्रियस्तरको यस लघुवित्त वित्तीय संस्थाले समीक्षा अवधिसम्म देशका ७१ वटा जिल्लाहरूमा ११९ शाखा कार्यालयहरू खोली सो मार्फत लघुवित्त सेवा प्रदान गरिरहेको छ। वित्तीय सेवाको पहुँच बाहिर रहेका ग्रामीण समुदायहरूलाई लघुवित्त सेवा प्रदान गर्ने उद्देश्य अनुरूप उपयुक्त देखिएका स्थानहरूमा थप नयाँ शाखा कार्यालयहरू खोलिने छ भने सेवाहरूको बिविधिकरण गर्दै लघुवित्त कार्यक्रमलाई सर्वसुलभ बनाउन आवश्यक कार्यहरू गरिनेछ । वित्तीय स्रोतमा आत्मनिर्भरता बढाउन सदस्यहरूबाट वचत परिचालन गर्ने नीतिलाई अझ बढी प्रभावकारी बनाईनेछ। साविकको Stand-alone Banking Software बाट डाटा माइग्रेशसनको चुनौतीपुर्ण कार्य सम्पन्न गरी सबै कार्यालयहरूलाई केन्द्रिकृत Core Banking System मा आबद्ध गरिएकोले यसबाट प्रति कर्मचारी उत्पादकत्व बढन जाने अपेक्षा लिईएको छ । आन्तरिक तथा बाह्य श्रोतहरूको परिचालन तथा दातृ निकाय र गैह्र सरकारी संस्थाहरूसंगको सहकार्यमा यस संस्थासंग आबद्ध सदस्यहरूको जीवनस्तर उकास्ने उद्देश्यले विशेष समुह र समुदाय लक्षित कार्यक्रमहरू संचालन गरिने छन् भने कर्मचारीहरूको संस्थाप्रति अपनत्व अभिबृद्धि गर्न र कार्यकुशलतामा समयानुकुल बिकास गर्न बृति बिकासका बिभिन्न कार्यहरू गरिनेछन् ।

यस त्रैमासको अन्त्य सम्ममा वित्तीय संस्थाले हासिल गरेको प्रगति निम्नानुसार रहेको छ ।

| *विवरण* | *गत आ.व. (०७४।०७५) को अन्तसम्मको कुल प्रगति* | *चालु आ.व.(२०७५।०७६) को अन्तसम्मको प्रगति* | |
|---|---|---|---|
| | कुल प्रगति | कुल प्रगति | प्रगति प्रतिशत |
| कुल सदस्य संख्या | १,५५,४५० | २,००,५६२ | २९.०२ |
| बांकी सांवा(रू.हजारमा) | ७,८७,८६,३९ | ११,९६,८१,४९ | ५१.९१ |
| कुल बचत(रू.हजारमा) | २,४१,०३,९३ | ३,८२,४७,९१ | ५८.६८ |

**ग. बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक बिवरण :** बाणिज्य बैंकहरूले आधार दरमा प्रिमियम जोडी लघुवित्त संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउने अवस्थामा सुधार नभएको र बजारमा तरलताको अवस्था सहज भई नसकेको कारण कोषको लागत दरमा अघिल्लो त्रैमासको भन्दा केहि बृद्धि हुन गएको छ । एकै कार्यक्षेत्रमा बहुसंख्यक सेवा प्रदायकहरूको उपस्थिति हुनुले सदस्यहरू बिच कर्जाको दोहोरोपना बढ्न गई कार्यक्रमको गुणस्तरमा ह्रास आउनु, सदस्यहरूबाट उद्देश्य बमोजिम कर्जा रकम उपयोग नहुनु, आदि कारणहरूले संस्थालाई असर पार्न सक्छ । तथापि संस्थाले अवलम्बन गरेको कुशल नीतिका कारण हालसम्म कुनै समस्या ब्यहोर्नु परेको छैन ।

**३. कानुनी कारवाही सम्वन्धि बिवरण :** समिक्षा अवधिमा संस्थाले कसै बिरूद्द मुद्दा दायर गरेको छैन र संस्था बिरूद्द पनि कसैले मद्दा दायर गरेको सूचना प्राप्त गरेको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्वन्धि बिश्लेषण :**

**क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा ब्यवस्थापनको धारणा :** यस वित्तीय संस्थाको शेयर कारोवारमा समय समयमा उतार चढाव देखिए तापनि धितोपत्र बजारको हालको अवस्थामा शेयरको कारोवार सन्तोषजनक रहेको छ।

**ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम , अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्याः** यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन र कारोवार संख्या निम्न बमोजिम छ ।

*( नेपाल स्टक एक्सचेन्जको वेबसाईटमा आधारित)*

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या | शेयर संख्या |
|---|---|---|---|---|---|
| रू ७७०।०० | रू. ५९५।०० | रू. ७२२।०० | ६४ | १,८७७ | ३,२९,९१० |

**५. समस्या तथा चुनौती :**

**क.** संख्यात्मक रूपमा बृद्धि भएको लघुवित्त संस्थाहरूको शाखा बिस्तारसंगै बढ्ने सदस्यहरूको दोहोरोपना
**ख.** उच्च कोष लागत तथा लगानी योग्य रकममा समय-समयमा आउने संकुचन ,
**ग.** नियमनकारी निकायबाट अप्रत्यासितरूपमा हुन सक्ने नीतिगत परिवर्तन र सो बाट सिर्जित हुन सक्ने समस्या तथा चुनौती,
**घ.** दक्ष जनशक्तिको अभाव तथा कर्मचारीहरूबाट सेवाको परित्याग,
**ङ** कमजोर भौतिक पुर्वाधार
**च.** अप्रत्यासित रूपमा सृजना हुनसक्ने प्रतिकुल अवस्था, आदि।

**६. संस्थागत सुशासनः** संस्थागत सुशासनका लागि कम्पनीको संचालक समिति, लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति कर्मचारी सेवा सुबिधा समिति, सम्पति शुद्धीकरण अनुगमन समिति, सम्पत्ति दायित्व ब्यवस्थापन समिति, कर्मचारी पदपुर्ति समिति, कर्जा असुली इकाई लगायत बिभिन्न आन्तरिक समिति तथा उप-समितिहरूको गठन र संचालन मार्फत बजारको अवस्था र प्रचलनमा रहेका नीति नियमहरूको अध्ययन गरी संस्थालाई आवश्यक नीतिहरूको निर्माण गर्ने, ब्यवसायिक योजना तथा कार्यक्रमको तर्जुमा गर्ने र सोही बमोजिम कार्य सम्पादन गर्ने/गराउने, अनि सम्पादन गरिएका कार्यहरूको मुल्याँकन/समीक्षा गर्ने कार्यलाई निरन्तरता दिइएको छ । नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरूलाई जारी गरिएको निर्देशनहरूको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायत अन्य सम्बन्धित ऐन र कानुनको अनुपालना गरिएको छ ।

**७. सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धताको सम्वन्धमा म ब्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण हुनुका साथै लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।